सर्वोच्च अदालत, संवैधानिक इजलास

सम्माननीय कायम मुकायम प्रधान न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री कुमार रेग्मी

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

माननीय न्यायाधीश श्री विनोद शर्मा

माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी

आदेश

०८२-WC-००९९

विषयः उत्प्रेषणसमेत।

नेपाल निजामती कर्मचारी संगठन केन्द्रिय कार्य समितिको तर्फबाट अख्तियार प्राप्त अध्यक्ष भवानी दाहालसमेत .................................................................... निवेदक

विरूद्ध

राष्ट्रपतिको कार्यालय, सितल निवास काठमाडौंसमेत.............................................. विपक्षी

इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा, श्री हरिहर दाहाल, श्री अग्नि प्रसाद खरेल, डा. श्री मुक्ति नारायण प्रधान, श्री रमणकुमार श्रेष्ठ, श्री रामनारायण विडारी, श्री शंकरप्रसाद सुवेदी, श्री यदुनाथ खनाल, श्री टीकाराम भट्टराई, श्री इश्वरी प्रसाद भट्टराई, श्री रमेश बडाल, श्री सीताराम के.सी., श्री शान्तिराम खतिवडा एवम् विद्वान् अधिवक्ताहरु डा. श्री मुकुन्द अधिकारी, श्री विष्णु लामिछाने, श्री मुकुन्द प्रसाद भट्टराई, श्री भक्तिराम घिमिरे, श्री लोचन भट्टराई, श्री विराज थापा, श्री प्रतिक कार्की, श्री संगिता पोखरेल, श्री अस्मिता चापागाईले प्रस्तुत गर्नुभएको बहस सुनियो।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानून बमोजिमको आधार कारण भए सोसमेत खुलाई सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९(१) बमोजिम यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७ (सात) दिनभित्र विपक्षीहरुलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेश गर्नू भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा सूचना म्याद जारी गरी लिखितजवाफ प्राप्त भएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू।

यसमा केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ को दफा १० मा निजामती सेवा ऐन, २०४९ को दफा २ को खण्ड (ज१) र (ज२) मा रहेको क्रमशः "निजामती कर्मचारीको ट्रेड युनियन" र "निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन" को परिभाषा, दफा ५२ को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "... दफा ५३ को उपदफा (३) बमोजिम गठित निजामती कर्मचारी आधिकारिक ट्रेड युनियनको तर्फबाट गरिने प्रतिनिधित्व र ..." तथा दफा ५३ मा रहेको निजामती कर्मचारीहरुको ट्रेड युनियन सम्बन्धी व्यवस्थालाई हटाई दफा ५३ को सट्टामा निजामती कर्मचारीको गुनासो सुनुवाईको व्यवस्था कायम हुने गरी मिति २०८३।०१।२० मा जारी भएको अध्यादेश र सो अध्यादेश पश्चात् मिति २०८३।०१।२२ मा विपक्षी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ट्रेड युनियनका कार्यालय बन्द गर्ने भनी जारी भएको सूचना तथा विपक्षी श्रम तथा व्यवसायजन्य सुरक्षा विभागबाट मिति २०८३।०१।२३ मा ट्रेड युनियन खारेज गर्ने भनी जारी भएको सूचना नेपालको संविधानको धारा १, ३४, ९३ र ११४ सँग बाझिएको हुँदा उक्त अध्यादेश उत्प्रेषणको आदेशले असंवैधानिक घोषणा गरी बदर गरी पाउँ साथै सो अध्यादेशको आधारमा जारी भएका सूचनाहरु तत्काल कार्यान्वयन नगर्नु नगराउनु र यी निवेदकहरुको बैङ्क खाता रोक्का गर्ने, कार्यालय संचालनमा अवरोध गर्ने जस्ता कार्य नगर्नु नगराउनु भनी विपक्षीहरुको नाउँमा सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९(४) बमोजिम अन्तरिम आदेशसमेत जारी गरी पाउँ भनी प्रस्तुत निवेदन पेस भएको देखियो।

अब, निवेदकले अन्तरिम आदेश माग गरेतर्फ हेर्दा, संसद आह्वान गरी स्थगन गरिएको समयमा तत्कालको आवश्यकता भनी नेपालको संविधानको धारा ११४ बमोजिम केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ को दफा १० ले निजामती सेवा ऐन, २०४९ को दफा २ को खण्ड (ज१) र (ज२), दफा ५२, दफा ५३ मा संशोधन गर्नुको साथै ऐ. ऐनको दफा ७३क. झिकिएको भन्ने देखियो। मुलभुत रुपमा सो अध्यादेशबाट संशोधन हुनुपूर्व रहेको निजामती सेवा ऐन, २०४९ को दफा ५२ को प्रतिवन्धात्मक वाक्यांशले निजामती कर्मचारीको आधिकारिक

ट्रेड युनियनको तर्फबाट गरिने प्रतिनिधित्वलाई सुनिश्चित गरेको तथा दफा ५३ ले निजामती कर्मचारीहरुको ट्रेड युनियन संम्बंन्धी व्यवस्था गरेको देखिन्छ। उक्त व्यवस्था नेपालको संविधानको धारा १७ को स्वतन्त्रताको हक अन्तर्गत उपधारा (२) को खण्ड (घ) मा रहेको "संघ संस्था खोल्ने स्वतन्त्रता" र ऐ. धारा ३४ को उपधारा (३) को ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामुहिक सौदाबाजी गर्ने हकको संवैधानिक प्रत्याभूतीसँग जोडिएको भन्ने निवेदक मागदावी तथा विद्वान कानून व्यवसायीहरुको जिकिर रहेको सन्दर्भलाई विचार गर्दा हाललाइ केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ को दफा १० कार्यान्वयन नगर्नू नगराउनू भनी सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ को उपनियम (४) बमोजिम विपक्षीहरुका नाममा अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ। साथै, प्रस्तुत विवादमा दुवै पक्षलाई छलफलमा बोलाई अन्तरिम आदेश जारी हुने वा नहुने भन्ने टुङ्गोमा पुग्न वाञ्छनीय हुने भएकोले, २०८३ जेठ ६ गतेलाई अन्तरिम आदेश छलफलको मिति तोकी सोको जानकारी दुवै पक्षलाई दिई नियमानुसार गर्नू।

| (हरिप्रसाद फुयाल) | (कुमार रेग्मी) | (सपना प्रधान मल्ल) |
| --- | --- | --- |
| न्यायाधीश | न्यायाधीश | का.मु.प्रधान न्यायाधीश |

**<u>माननीय न्यायाधीश विनोद शर्मा तथा माननीय न्यायाधीश शारङ्गा सुवेदीको फरक राय:</u>**

यसमा नेपालको संविधानको धारा १, २, १६, १७(२)(घ), ३३, ३४, ९३ र ११४ सँग बाझिने गरी जारि भएको केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३ को दफा १० नेपालको संविधानको धारा ४६, १३३(१)(२)(३) बमोजिम बदर गरीपाउँ साथै मिति २०८३/१/२२ मा जारी भएको उक्त अध्यादेशको व्यवस्था अनुसार नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३/१/२२ को कार्यालय बन्द गर्ने र श्रम तथा व्यवसायजन्य सुरक्षा विभागबाट जारी मिति २०८३/१/२३ को ट्रेड युनियन खारेज, गर्ने निर्णय सूचना कार्यान्वयन नगर्नु, नगराउनु भनी अन्तरिम आदेश समेत माग भएको देखियो।

रीट निवेदनमा उल्लेख भएको नेपाल राजपत्र खण्ड ७६ अतिरिक्ताङ्क ९ मिति २०८३/१/२० मा प्रकाशित केही नेपाल ऐनलाइ संशोधन गर्न बनेको अध्यादेश, २०८३ ले निवेदन दावीको निजामती सेवा ऐन, २०४९ को दफा २ को खण्ड (ज१), (ज२) एवम् दफा ५२ को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "दफा ५३ (३) बमोजिम गठित निजामती कर्मचारीको

आधिकारिक ट्रेड युनियनको तर्फबाट गरिने प्रतिनिधित्व र" भन्ने शब्दहरु झिकिएको तथा दफा ५३ को सट्टा संशोधित दफा ५३ राखिएको र दफा ७३क. झिकिएको भन्ने देखिन्छ।

उल्लिखित अध्यादेश हेर्दा विभिन्न ऐनहरुमा तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल संघीय संसदको अधिवेशन नभएकोले नेपालको संविधानको धारा ११४(१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट उक्त ऐनका अतिरिक्त अन्य विभिन्न २० वटा ऐनहरुमा संशोधन थपघट हुने गरी अध्यादेश जारी भएको भन्ने समेत देखिन्छ।

यसरी संविधानको धारा ११४ अनुसार मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले जारी गरेको अध्यादेश ऐन सरह मान्य हुने एवम् उक्त अध्यादेश संघीय संसदमा पेस भई संसदबाट स्वीकार गर्ने नगर्ने भन्ने प्रक्रिया बाँकी नै रहेको एवम् आजै मिति २०८३/१/२८ देखि सम्माननीय राष्ट्रपतिबाट संघीय संसदको अधिवेशनसमेत आह्वान भैसकेको भन्ने न्यायिक जानकारीमा रहने विषय भएको एवम् रिट निवेदकलाई तत्काल अपुरणीय क्षति पुग्ने अवस्थासमेत नदेखिएको सन्दर्भमा उक्त अध्यादेश अनुसारको संशोधित व्यवस्थाको कार्यान्वयन रोक्न पर्ने नपर्ने सम्बन्धमा प्रत्यर्थीहरुसमेत सँग छलफल गरी टुङ्गोमा पुग्न मुनासिब देखिँदा कारण देखाउ आदेश जारी गर्ने र प्रत्यर्थीहरुलाई छलफलमा झिकाउने भन्ने सम्म बहुमतको रायमा सहमती रहेपनि अहिले नै एकपक्षीय सुनुवाईबाट अल्पकालिन अन्तरिम आदेश जारी गर्ने भन्ने हदसम्म सहमती नरहेकोले प्रस्तुत फरक राय व्यक्त गर्दछौं।

(शारङ्गा सुवेदी)
न्यायाधीश

(विनोद शर्मा)
न्यायाधीश

इति सम्वत् २०८३ साल वैसाख महिना २८ गते रोज २ शुभम् ..............................।